विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा

पत्र संख्या : २०७६।७७

गण्डकी प्रदेश,नेपाल

## उम्मेद्वारको छोटो सूची प्रकाशन तथा लिखित परीक्षा संचालन सम्बन्धी सूचना।

( मिति : २०७६।१०।१६ )

यस कार्यालयद्वारा रोजगार संयोजक पदका लागि मिति २०७६।०९।२४ गते प्रकाशित सूचनाका आधारमा यस कार्यालयमा तोकिएको समययसीमा भित्र आवेदन पेश गर्ने आवेदकहरु मध्ये निम्नानुसारका आवेदकहरुलाई प्रारम्भिक योग्यताक्रमको सूचीमा प्रकाशित गरी तपशिल बमोजिमको मिति, समय र स्थानमा लिखित परीक्षा संचालन गरिने हुदा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | रोल नं | आवेदकको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ०७६०१ | शान्ता गुरुङ | विरुवा ४, स्याङ्जा । | |
| २. | ०७६०३ | जीवन श्रेष्ठ | मेलुङ ७, दोलखा । | |
| ३. | ०७६०२ | सुनिता शर्मा दोरंगा | पुलतीबजार ३, स्याङ्जा । | |

**लिखित परिक्षा संचालन हुने मिति समय र स्थान :**

मिति : २०७६।१०।२९ गते बुधबार

समय : दिनको ठिक १ बजे

स्थान : विरुवा गाउँ कार्यपालिकाको सभाहल, विरुवा ,स्याङ्जा ।

*नोट : लिखित परिक्षाको पाठ्यक्रम यसै सूचनाका साथ संलग्न गरिएको छ ।साथै प्रवेश पत्रका लागि मिति २०७६।१०।२८ गते कार्यालय समयमा गाउँपालिका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

( कुलराज सुवेदी )
प्रमुख प्रशासकीय अधिकृत

कुलराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

९. <u>छनौट परीक्षाः</u> (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेदवारले उतीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम देहाए अनुसार हुनेछः

(क) सेवा सम्बन्धी

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

(ख) कम्प्युटर सम्बन्धी

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system